नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं.२०८०।८१ शि. व्य.

च.नं. २२६ मितिः २०८१।०२।०२

विषयः प्रगति विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबै ।

प्रस्तुत विषयमा यस केन्द्रको च.नं.२०१ मिति २०८१।०१।०७ को 'राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको शिक्षक/कर्मचारीलाई कारवाही सम्बन्धमा" र च.नं.२१६ मिति २०८१।०१।२८ को 'निर्णय कार्यान्वयन सम्बन्धमा' विषयको पत्रहरु प्राप्त भई व्यहोरा अवगत भएकै होला । सो बमोजिम राजनीतिक दलको सदस्यता लिएका, राजनीतिक दलको कार्यकारिणी समितिमा रहेका तथा महाधिवेशन प्रतिनिधि भएका शिक्षक कर्मचारीहरुलाई प्रचलित कानुन बमोजिम के कस्तो कारवाही प्रक्रिया अघि बढाइएको छ भन्ने विषयका साथै विद्यालय व्यवस्थापन समिति र शिक्षा विकास तथा समन्वय इकाइको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालय बाहिर काम गर्ने तथा काजमा बस्ने के कति शिक्षकहरु छन् र ती मध्ये कति शिक्षकहरुलाई पदाधिकार रहेको विद्यालयमा फिर्ता गर्ने व्यवस्था गरिएको छ सो सम्बन्धमा हालसम्मको प्रगति विवरण यो पत्र प्राप्त गरेको मितिले १५ (पन्ध्र) दिनभित्र यस केन्द्रमा उपलब्ध गराउनु हुन मिति २०८१।०२।०२ को निर्णयानुसार अनुरोध छ ।

२०८१।२।२

..................

नारायणप्रसाद पोखरेल

निर्देशक

**बोधार्थः**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।